# महिला आन्दोलनको असन्तुष्टि

## महिला आन्दोलनले नेपाली समाजको विविध लैंगिक अवस्थाको अन्तर्यलाई बहुतहबाट नकेलाउने हो भने आपसी संवादको बाटो छेकिनेछ ।

[ बहस ]



कैलाश राई

नेपालको महिला आन्दोलन मूलतः लैंगिक रूपमा विभेदित र असंवेदनशील शासकीय संरचना र संयन्त्रविरुद्धको लडाइँ हो । राजनीतिक-सामाजिक व्यवस्था र निश्चित सांस्कृतिक अभ्यास रूपान्तरणमा आन्दोलनको ल्याकत खर्चिइएको इतिहास छ। ००७ अघि महिलाको राजनीतिक अधिकार प्राप्तिको क्रमबद्ध संघर्षको पछिल्लो स्वरूप आमाको नाममा नागरिकता पाउनुपर्ने अडानसम्म आइपुगेको छ।

आन्दोलनको यो विकासक्रमले नेपालका महिलालाई अधिकारप्राप्त एक सार्वभौम 'नागरिक' को दर्जामा उभ्याउन खोजेको छ । फलस्वरूप नेपालका महिलाको पक्षमा केही उल्लेखनीय उपलब्धि हासिल भएका छन्। लामो संघर्षको बलमा प्राप्त उपलब्धिको उपभोग र उपादेयताको सन्दर्भमा विविध महिलाका असन्तुष्टि पनि छन्। दलित, मधेसी, आदिवासी जनजाति, यौनिक-लैंगिक अल्पसंख्यक समुदायका महिला आन्दोलन 'मूलधारे' महिला आन्दोलनको एकलकाँटे-असमावेशी चरित्रसँग रुष्ट छन्।

सार्वजनिक चासो र अभिव्यक्तिको पछिल्लो विकासक्रम हेर्दा त्यस्तो रोष प्रकट गर्ने जमात बढ्दो छ। समावेशिता, विविधता र प्रतिनिधित्वको कोणबाट 'मूलधारे' महिला आन्दोलन र राज्यप्रतिको आलोचनात्मक स्वर सुस्त तर जब्बर स्वरूपमा परिदृश्यमा छाइरहेका छन् । नेपाली राज्य र 'मूलधारे' महिला आन्दोलनले नेपालका महिलालाई एक 'समरूपी सामाजिक वर्ग' को रूपमा लिने गरेकोप्रति ती आलोचना केन्द्रित छन् ।

०६२/६३ को जनआन्दोलनपछि विविध महिलाका विषयगत सवाल र हकअधिकारकेन्द्री आन्दोलन सदृश्य सतहमा आएपछि त्यस्ता स्वर चर्किएका हुन् । तिनले मूलतः नेपाली महिलाका सन्दर्भमा 'लैंगिक विभेद' र 'लैंगिक समान अधिकार' को मापदण्ड वा आधार उही लागू हुन सक्दैन भन्ने जिकिर गर्छन् । तिनको दाबी छ- नेपालका महिलामाथि हुँदै आएको विभेदको जड पितृसत्तामा आधारित लैंगिकता मात्रै होइन। नेपालका विविध महिलाका समस्या वा सवाल एकै वा उस्तै होइनन्। त्यसैले तिनको सम्बोधन पनि एकै किसिमले हुनै सक्दैन।

लैंगिक असमानता, शोषणको भार र प्रभावको सन्दर्भमा 'मूलधार' बाहेकका महिला आन्दोलनले 'दोहोरो-तेहेरो मार' मा परेको प्रचलित दाबी गर्छन् । त्यस्तो दाबीमार्फत उनीहरूले जात-जातीयता, वर्ग, क्षेत्र, लिंग र यौनिकताअनुसार समस्याको प्रकृति, तह, घनत्व र अर्थमा हुने भिन्नतालाई औंल्याएका हुन् । नेपालको 'मूलधारे' महिला आन्दोलन, राज्यको असमावेशी सोच र संरचनामाथि प्रश्न उठाएका हुन्। असमावेशी सोच र संरचनाभित्र नेपाली समाजमा रहेको अनेक लैंगिक असमान सम्बन्ध बेवास्तामा परेका छन्। आपसमा अन्तरसम्बन्धित बहुआयामिक लैंगिक पाटा अदृश्य पारिएका छन्।

विविध महिला आन्दोलनले 'मूलधार' र राज्यप्रति असन्तुष्टि व्यक्त गर्दै आ-आफ्ना सवाल र समस्या खुट्याएका छन् । ती सवाललाई बाहिर ल्याइरहेका छन् । सामाजिक-सांस्कृतिक पृष्ठभूमिअनुसार महिला आन्दोलनका सवाल भिन्नभिन्न छन् । प्राथमिकता फरक-फरक छन्। तर ती सबै सवाल एकआपसमा अन्तरसम्बन्धित र जटिल पनि छन्। त्यसैले महिला आन्दोलनको असन्तुष्टि दीर्घायुको छ।

महिला आन्दोलनको असन्तुष्टिले 'मूलधारे' महिला आन्दोलनको चरित्र र प्रक्रिया समावेशी बनाउन झकझक्याइरहेको छ। आन्दोलनको सवाल र प्राथमिकताको क्षितिज बढाउने दबाब उत्पन्न गर्न खोजिरहेको छ। 'मूलधार' बाहेकका आन्दोलन पनि आफ्नो भौतिक र सवालगत उपस्थिति दह्रो बनाउने प्रयत्नमा जुटिरहेका छन् । विविध महिलाका भिन्नभिन्न र साझा सवाल बुझ्ने मामिलामा 'मूलधार' को ध्येय के छ ? प्रयत्न कस्तो छ ? चरित्र, ढाँचा, सवाल, क्रियाकलाप र नेतृत्वको हिसाबले 'मूलधारे' महिला आन्दोलन संक्रमणकालीन अवस्थाबाट गुज्रिरहेको छ।

'मूलधारे' महिला आन्दोलन र राज्यको असमावेशी चरित्रप्रतिको आलोचना निश्चित ऐतिहासिकतामा आधारित छ, जसलाई न पूर्णतया नकारिएको छ, न त सकारिएको नै छ । महिलाभित्रैको आपसी मतभेद, असहमति र वादविवादको लडाइँ पनि जारी छ। समग्रताका लागि मात्रै होइन, विविध सवाल र समस्या सम्बोधनका खातिर आन्दोलनको निरन्तरता अपरिहार्य छ ।

**पाक्षिक बहस : महिला आन्दोलन**

- **महिला आन्दोलनको असन्तुष्टि**
- आन्दोलनको रूपान्तरण र पुस्तान्तरण
- (अ)सहमति : 'मूलधार' र 'अरू' महिलाका
- संरचना बदल्ने महिला पहल



> जबसम्म 'मूलधार' बाहेकका महिला आन्दोलनका सवाल र संघर्षले उचित स्थान प्राप्त गर्ने अवस्था निर्माण हुन सक्दैन, तबसम्म पुरानै ढर्राको महिला आन्दोलन र त्यसले बोकेको सीमित सवालकै सर्वोच्चता रहन्छ ।

साझा र पृथक मुद्दासहित असन्तुष्टिबीच र असन्तुष्टिका साथमा महिला आन्दोलन चलिरहन्छन् ।

निरन्तरताको क्रममा महिला आन्दोलनबीच आपसी समन्वयात्मक सम्बन्ध र सवालगत साझापनको खोजी अत्यावश्यक छ । लैंगिक र सामाजिक न्यायका लागि महिला आन्दोलनको एकीकृतपन र सामूहिक आवाजको खाँचो धेरैले महसुस गरेकै कुरा हो । तर त्यस्तो एकीकृतपन र सामूहिकता निर्माणको प्रक्रिया र आधार के हुन सक्छ वा हुनुपर्छ भन्नेबारे छलफलै भएकै छैन । एकीकृत अथवा सामूहिक आन्दोलनबारे सम्प्रेषित छिटफुट विचार पनि अन्तरविरोधी छन् ।

एक थरीको मत छ- नेपालका महिलाको हकमा प्राप्त उपलब्धि सबै एकजुट भएरै हासिल भएका हुन् । आन्दोलन चिराचिरा पारे आफैँलाई क्षति हुन्छ । त्यसैले अब पनि बिनासर्त सबै महिला 'माउ' अर्थात् 'मूलधारे' आन्दोलनमा सम्मिलित हुनुपर्छ । त्यसबाट ठोस उपलब्धि हासिल भएपछि विविध महिलाका भिन्नभिन्न आवश्यकता र प्राथमिकताको पालो आउँछ । सैद्धान्तिक तवरमा नेपालका सबै महिला एकजुट हुँदा महिला आन्दोलन सशक्त हुन्छ । त्यसैले सबै थरीका महिला निःसर्त आन्दोलनमा एकत्रित हुनुपर्छ । त्यसले निश्चित सकारात्मक परिणाम ल्याउँछ र त्यसभित्रका अन्तरविरोध क्रमशः सम्बोधन गरिँदै लगिनेछ । 'मूलधार' र मूलधारे सोचबाट प्रभावितहरू बढीजसो यस्ता मान्यता राख्छन् ।

अर्को थरीको मत छ– नेपालका महिलाका सन्दर्भमा जे-जति उपलब्धि हासिल भएका छन्, तिनमा सबैको उत्तिकै हकदाबी लाग्छ । अझ विभेद र शोषणको दोहोरो-तेहेरो मार खेप्दै आइरहेकाहरूको सन्दर्भमा विशेष ध्यान दिनु आवश्यक छ । त्यसैले सवाल निर्धारण गरिँदैखेरि र उपलब्धिको पूर्वआकलनकै क्रमदेखि नै उपस्थितिमा मात्रै होइन, सवालगत समावेशितामा पनि जोड दिनुपर्छ । यो समावेशी राज्य संरचना निर्माण र उपलब्धिको समान भोगचलनको सुनिश्चितताको पूर्वतयारी हो । सैद्धान्तिक रूपमा यी दुवै मत स्वाभाविक हुन् । तर दुवैको व्यावहारिकताको पक्ष भने असहज छ । वास्तविकताको पक्ष जीर्ण छ । एकअर्काको मतप्रति दुवै पक्ष उदासीन छन् ।

राज्यको हरेक निकाय र अंगदेखि राजनीतिक र सामाजिक संरचनामा महिलाको ३३ प्रतिशत सहभागिता चानचुने होइन । किनकि उल्लेख्य संख्यामा महिला नीतिनिर्माण केन्द्र, राजनीतिक शक्तिकेन्द्र र त्यसको आसपास पुगेका छन् ।

तर दोस्रो मत राख्नेको दृष्टिकोणमा त्यहाँ सीमित महिलाको मात्रै पहुँच, उपस्थिति हुने खालको पूर्वाधार र प्रक्रियामै समस्या थियो । सीमित महिलाको मात्रै सहभागिता सुनिश्चित हुने गरी यथावतै रहिआएको संयन्त्र र प्रक्रियामा ध्यान नदिँदा महिला सहभागिताको उपलब्धि र उपयोगिता सीमित भयो । सीमान्तकृत महिलाका लागि उपलब्धि अपेक्षाकृत रहेन । सवालगत उपस्थिति बेगरको संख्यात्मक वा भौतिक उपस्थिति मात्रै कामकाजी छैन ।

सवालगत उपस्थितिको ढोका खोल्न भौतिक उपस्थिति महत्त्वपूर्ण हो । त्यस अर्थमा 'मूलधारे' महिला आन्दोलन र राज्यले आधारभूत तहमै समावेशी सोच र प्रक्रिया अवलम्बन गर्ने उदारता देखाएन ।

नेपाली समाज क्रमिक रूपमा लिंगीय तथा सामाजिक-सांस्कृतिक रूपमा उदार र प्रगतिशील बन्दै गएको ठानिन्छ । तर समाजको त्यस्तो चरित्र निर्माण समावेशी सोच, प्रक्रिया र अभ्यासबिना सम्भव छ ? मूलधारे महिला आन्दोलनको ध्येय त्यतापट्टि छ ? राज्य संरचना र संयन्त्र त्यस अनुकूल छन्/छैनन् ? अहिले विविध समुदायमा रहेको महिला-पुरुषबीचको असन्तुलित शक्ति-सम्बन्ध, असमान अभ्यासबारेको संवाद सुरुआत मात्रै भएको छ । महिला आन्दोलनबीचको फरक र साझा समस्याको पोका फुकाएर केलाउने काम हुन बाँकी छ ।

महिला आन्दोलनले नेपाली समाजको विविध लैंगिक अवस्थाको अन्तर्य र ऐतिहासिक पृष्ठभूमिलाई बहुआयाम र बहुतहबाट नकेलाउने हो भने ती असन्तुष्टिले आपसी संवाद र अन्तर्क्रियाको बाटो छेक्नेछ । 'मूलधार' बाहेकका महिला आन्दोलनको सवाल र संघर्षलाई उचित स्थान प्राप्त हुने अवस्था निर्माण हुन सक्दैन । पुरानै ढर्राको महिला आन्दोलन र त्यसले बोकेको सीमित सवालकै सर्वोच्चता रहन्छ ।

महिला आन्दोलनभित्रका अन्तरविरोधलाई नदेख्ने, केही आन्दोलनलाई जातीय, साम्प्रदायिक ठहऱ्याउने र 'माउ' आन्दोलन कमजोर पार्ने कसरतको रूपमा व्याख्या गर्ने क्रम लम्बिन्छ । महिला आन्दोलनले आफूभित्रै निर्माण गर्न खोजेको प्रगतिशील साझेदारीलाई नकार्दै अन्ततः आपसी असन्तुष्टिको सूची र तह बढाउँछ । ने

***राई लैंगिक एवं सामाजिक न्यायमा रुचि राख्ने समाज विज्ञान अध्येता हुन् ।***